# वडा विपद तथा जलवायु उत्थानशील कार्ययोजना - वि.सं. २०७९
# Ward Disaster and Climate Resilience Plan - 2079 BS




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## गैंडाकोट नगरपालिका, वडा नं. २

## वडा विपद तथा जलवायु उत्थानशील समिति

## नवलपूर

**दस्तावेजः** गैंडाकोट नगरपालिका वडा नं. २ विपद तथा जलवायु उत्थानशील कार्ययोजना- वि. सं. २०७९

**प्रकाशकः** गैंडाकोट नगरपालिका वडा नं. २ विपद तथा जलवायु उत्थानशील समिति, नवलपूर

**सर्वाधिकारः** © गैंडाकोट नगरपालिका वडा नं २ नवलपूर, गण्डकी प्रदेश, नेपाल सरकार

**प्रथम प्रकाशनः** वडा विपद तथा जलवायु उत्थानशील कार्ययोजना वि. सं. २०७९

**आर्थिक सहयोग तथा व्यवस्थापनः**

नेपाल शहरी विपद जोखम न्यूनिकरण परियोजना (कारितास नेपाल/कारितास स्पेन)

**प्राविधिक सहयोग**

दिगो तथा उत्थानशील समाजका लागि हिमाली पहल (हिमाली)

# गैंडाकोट नगरपालिका

फोन नं. ०७८–५०११९०

## नगरकार्यपालिका

गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प. सं. : ०७८/७९

च.नं. :

मिति :- २०७९/०२/३१

आजको यस जलवायु संकट र यस वाट विश्वमा देखिँदै भोगिँदै आएका विभिन्न विपदहरुको सामना गर्नको लागि विभिन्न तह र तप्कावाट आआफ्नै सहयोग भइरहेको यस अवस्थामा नेपालका विभिन्न स्थानहरुमा जलवायू संकटले ठूलो असर पारीरहेको छ । नेपाल पनि जलवायु संकटको कारणले परेको संकटासन्नतालाई हेर्दा चौथो स्थानमा परेको छ भने बहु विपदहरुको कारणले हुने जोखिमको संकटासन्नतामा बिसौं नम्वरमा पर्दछ । यस्ता विपदहरुले सबै नागरीकलाई एकै किसिमले असर नगरी फरकफरक किसिमले असर पारीरहेको हुन्छ ।

यस्ता विपदहरु सँग जुझ्नकोलागि योजनाबद्ध तवरले विभिन्न सरोकारवालाहरुको सहयोगमा एकिकृत तवरले विपद व्यवस्थापन तथा न्यूनिकरणका कामहरु गर्न सके अवश्य पनि समुदायको उत्थानशील क्षमता अभिबृद्धि हुनेछ। यसै क्रममा गैंडाकोट नगरपालिका वडा नम्वर २ को स्थानीय विपद तथा जलवायु उत्थानशील कार्ययोजना .एल)डी.सी.आरनिर्मा (पी.णका लागि व्यवस्थापकिय रुपमा कारितास नेपाल र प्राविधिक रुपमा हिमाली संस्थाले सहयोग गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस्तै योजना निर्माणको लागि विभिन्न टोल स्तरमा भेला भई आ-आफ्नो भोगाई प्रस्तुत गरी दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु।

अव यस कार्ययोजनालाई कार्यान्वयनको लागि सबै संघ संस्था तथा सराकारवाला निकायहरु सँग हार्दिक अपिल पनि गर्दछु ।

मदन भक्त अधिकारी

नगर प्रमुख

# गैंडाकोट नगरपालिका

## २ नं. वडा कार्यालय

गैंडाकोट नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प.सं. ०७८।०७९

च.नं. २००४

मिति २०७९।०२।३०

कृतज्ञता

विपद्को विषय र यसको असरसम्बन्धी कुराहरू राजनीतिदेखि लिएर विद्यालयका पठन—पाठनका विषयमा समेत समावेश भई महत्वपूर्ण विषयको रूपमा आएको छ । यसले मानवीय विकासका पूर्वाधारहरू र जीविकोपार्जनका क्षेत्रहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारिरहेको छ । यसको प्रत्यक्ष तथा बढी प्रभाव अल्पविकसित देशका गरिब, महिला, एकल महिला, बालबालिका तथा सिमान्तकृत वर्गमाथि अत्यधिक मात्रामा परेको पाइन्छ ।

हाल जलवायु परिवर्तनजस्ता नयाँ चुनौतीले हाम्रो जीविकोपार्जन तथा मानव जीवनमा थप समस्या(जस्तैः अतिवृष्टि, अनावृष्टि तथा खण्डवृष्टि, बाढी, पहिरो, कृषि उत्पादनमा ह्रास, रोगकिराको प्रकोप आदि) निम्त्याएको छ र विपद् जोखिमलाई थप बढावा दिएको छ । त्यसैले यस्ता असरहरूको न्यूनीकरण गर्न र यसबाट अनुकूल रहन समुदायले अनुकूलनका पहलहरू थाल्नु आवश्यक भैसकेको हुनाले यस गैंडाकोट नगरपालिकाको वडा नम्बर २ मा वडा विपद तथा जलवायु उत्थानशील कार्ययोजना (एल. डी. सि.आर.पी.) तयार पारिएको हो। यस तयार पारिएको कार्ययोजनालाई नगरपालिकाको योजनामा एकीकृत गरी स्थानीय परिषद्बाट पारित गरिने र यो लगायत कार्यान्वयन गर्न तथा दिगो रूप दिन यस गैंडाकोट नगरपालिका, वडा नं २ को कार्यालय सदा तत्पर रहनेछ ।

स्थानीय समुदाय, राजनैतिक दल, जिल्ला तथा स्थानीय सरकारी एवम् गैरसरकारी सङ्ग-संस्थाबाट प्रतिनिधित्व गरी योजना निर्माण गर्न सहयोग पुर्याइदिनु हुने सबैमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यस्तै, यस कार्ययोजना निर्माणका लागि आर्थिक तथा व्यवस्थापकिय सहयोग गर्ने कारितास नेपाल तथा प्राविधिक सहयोग प्रदान गर्ने दिगो तथा उत्थानशील समाजकालागि हिमाली पहल (हिमाली) लाई हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

प्रकाश सापकोटा
वडा अध्यक्ष
वडा नम्वर २ कार्यालय
गैंडाकोट नगरपालिका

प्रकाश सापकोटा
वडा अध्यक्ष

३

# विषय सूची


खण्ड १ः परिचय ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ नवलपूर जिल्लाको परिचय ........ 1

१.३ गैडाकोट नगरपालिकाको परिचय ........ 2

१.४ गैडाकोट नगरपालिका वडा नम्वर २ को परिचय ........ 2

१.५ योजनाको उद्देश्य ........ 3

१.६ वडा विपद तथा जलवायु उत्थानशील योजनाका विशेषताहरु ........ 3

१.७ योजना निर्माण प्रक्रिया विधिः ........ 4

१.८ योजना कार्यान्वयन रणनिती ........ 5

१.९ योजना अनुगमन मुल्याङ्कन तथा पूनरावलोकन ........ 5

१.१० योजना सिमितता ........ 6

खण्ड २ः प्रकोप, सङ्कटासन्नता, क्षमता विश्लेषण र जोखिम विश्लेषण ........ 7

२.१ प्रकोपको पहिचान तथा स्तरीकरण ........ 7

२.२ प्रकोप विश्लेषण ........ 8

२.२.१. प्रकोपको समय रेखा ........ 8

२.२.२ प्रकोप पात्रो ........ 12

२.२.३ मौषमि पात्रो ........ 13

२.२.४ बाली तथा बनस्पति पात्रो ........ 14

२.२.५ तापक्रम र वर्षाको विश्लेषण ........ 15

२.२.६ सामाजिक स्रोत तथा प्रकोप/ जोखिम नक्साङ्कन ........ 16

२.२.७ संस्थागत विश्लेक्षण तथा रोटी चित्र ........ 17

२.२.८ जोखिम र समस्या विश्लेषण ........ 20

२.३ वडाको संकटासन्नता तथा क्षमता विश्लेषण ........ 22

२.३.१ जनसंख्याको अवस्था ........ 22

२.४ वडाको क्षमता विश्लेषण ........ 22

२.४.१ स्रोतको उपलब्धता र पहुँच ........ 22

२.४.२ स्थानिय ज्ञान सीप क्षमता र प्रविधिको लेखाङ्कन ........ 25

खण्ड ३ स्थानीय विपद तथा जलवायु उत्थानशील कार्ययोजना ........ 30

३.१ जोखिम व्यवस्थापन त्रियाकलापको पहिचान तथा प्राथमिकिकरण ........ 30

**अनुसूची १** :संकटासन्नता स्तरिकरणा अंकभार आधार ....................................................................40
**अनुसूची** २ः वडा विपद् तथा जलवायू उत्थानशील समिति वडा नं २ ............................................................41
**अनुसूची ३**ः वडा विपद् तथा जलवायू उत्थानशील समितिका काम, कर्तव्य र अधिकार......................................42
**अनुसूची** ४ :पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यदलको विवरण.................................................................43
**अनुसूची ५** :पूर्वतयारी तथा प्रितकार्यका लागि कार्यदलको काम, कर्तव्य र अधिकार..........................................44
**अनुसूची** ६ :स्थानीय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन समवन्धि प्रशिक्षक तालिमका सहभागीहरु...........47
**अनुसूची ७ :** वडा विपद तथा जलवायू उत्थानशील कार्ययोजना अनुमोदन बैठक माइनुट....................................48

**तालिका सूची :**

तालिका १: योजनाको अनुगमन मुल्यङ्कन तथा पुनरावलोकन....5
तालिका २: प्रकोप स्तरीकरण....7
तालिका ३ : ऐतिहासिक समयरेखा....9
तालिका ४ : प्रकोप पात्रो....12
तालिका ५: मौषमि पात्रो....13
तालिका ६: बाली तथा बनस्पति पात्रो....14
तालिका ७: संघ संस्था सँगको समबन्ध विपदमा हुन सक्ने सहयोग....18
तालिका ८ : जोखिम र समस्या विश्लेषण....21
तालिका ९ : वडाको स्कटासन्नता स्तरीकरण....22
तालिका १० : स्रोतको उपलव्धता र पहुँच....22
तालिका ११ : स्थानिय ज्ञान सीप क्षमता र प्रविधिको लेखाङ्कन....25
तालिका १२ : हाल महशुस गरीएका समस्या र ३० वर्ष अघि महशुस गरीएको समस्याको तुलनात्मक छलफल.27
तालिका १३ : जोखिम न्यूनिकरण तथा व्यवस्थापनका उपायहरुको प्रथमिकिकरण....30
तालिका १४ : वडा विपद तथा उत्थानशील कार्ययोजना....34

**चित्र सूची :**

**चित्र १** : योजना निर्माण प्रक्रिया वा विधि....4
**चित्र २ :** वडा नं २ मा पहिचान भएका प्रकोपहरू....8
**चित्र ३ :** औषत अधिकतम तापक्रम....15
**चित्र ४ :** औषत न्यूनतम तापक्रम....15
**चित्र ५ :** बार्षिक जम्मा वर्षा....16
**चित्र ६ :** सामाजकि स्रोत तथा प्रकोप/ जोखमि नक्साङ्कन....17
**चित्र ७ :** संस्थागत विश्लेक्षण तथा रोटी चित्र....18

# खण्ड १ः परिचय

## १.१ पृष्ठभूमि

नेपाल विश्वमै प्रकोपको जोखिम र प्रकोपसँग जुध्ने क्षमताको दृष्टिले निकै कमजोर विकासोन्मुख राष्ट्रमा पर्दछ । गृह मन्त्रालयको स्रोतअनुसार नेपालका ४९ जिल्ला बाढी तथा पहिरो, २३ जिल्ला वनडढेलो र एउटा जिल्ला हुरी—बतासबाट वर्सेनि प्रभावित भएको पाइन्छ भने हरेक वर्ष ६४ जिल्ला कुनै न कुनै प्रकोपबाट प्रभावित हुने गरेका छन् (MoHA, 2009) । नेपाल सरकारको जलवायु परिवर्तन सङ्कटासन्नता नक्साङ्कन — सन् २०१० को प्रतिवेदन अनुसार गण्डकी प्रदेशको नवलपरासी (हाल वर्दघाट सुस्तापूर्वको भागलाई नवलपूर जिल्ला भनिने) जिल्ला बाढी तथा खडेरीको दृष्टिकोणबाट अति उच्च जोखिममा रहेको पाइन्छ । यस प्रकोपसँग जुधनका लागि सामाजिक एवम् आर्थिक अनुकूलन क्षमता भने यस जिल्लाको अति न्यून रहेको छ ।

यस्ता प्रकोपका कारण विशेष आर्थिक अवस्था कमजोर भएका वर्ग, लैङ्गिकताको दृष्टिकोणले महिला तथा जातीयताका आधारमा दलित वर्गमा यसको असर बढी पाइएको छ । देश विकासको लागि गरिएका विविध प्रयासहरूमा उद्देश्यअनुसार उपलब्धि हासिल नभएको र पछाडि पारिएका समुदाय सामु पुग्न असहज भएका कारण यस्ता प्रकोपको न्यूनीकरणका साथै समुदायको समानुकूलन क्षमता अभिवृद्धि गरी प्रकोप असर न्यून गर्ने र समुदाय पूर्वतयारी अवस्थामा रहने हेतुले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्ययोजना — वि. सं. २०७४ खाका लाई लागू गरीएको छ ।

यस नवलपूर जिल्लाको गैंडाकोट नगरपालिका वडा नम्वर २ मा लक्षित वर्ग तथा सङ्कटासन्न समुदायको समानुकुलन क्षमतामा अभिबृद्धि सँगै जोखिम न्यूनिकरण गर्ने उद्देश्यले वडा विपद तथा जलवायु उत्थानशील कार्ययोजना — वि सं २०७८ कारीतास नेपालको व्यवस्थापन तथा आर्थिक सहयोग र दिगो तथा उत्थानशील समाजकालागि हिमाली पहल (हिमाली) सँगको साझेदारीमा तयार गरीएको हो ।

## १.२ नवलपूर जिल्लाको परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने ११ वटा जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्तापूर्व) हो हाल नवलपूर पनि भनिने  गरीएको छ। नेपालको संविधान (२०७२) मा साविकको नवलपरासीलाई नवलपरासी ( बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम ) नामाकरण भई छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचिमा उल्लैख भए बमोजिम भएको छ ।

यस जिल्लाको पूर्वमा चितवन जिल्ला, पश्चिममा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम ) जिल्ला, उत्तर पाल्पा र तनहुँ जिल्ला र दक्षिणमा चितवन र भारतको बिहार प्रदेश पर्दछ । यस जिल्लाको जमा क्षेत्रफल १३३१.१६ वर्ग किलो मीटर रहेको छ । यस जिल्लामा कृषि योग्य भूमि ४३८.९७ वर्ग किलो मीटर यस्तै गरी ७७८.५९ वर्ग किलो मीटर वन क्षेत्र रहेको छ ।यस जिल्लाको प्रमुख नदीहरुमा नारायणी र काली

गण्डकी पर्दछन् भने अन्य खोला नालाहरुमा झरही खोला, कावासोतीखोला, गिरुवारी खोला, विनयी खोला आदि पर्दछन् ।

२०६८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंख्या ३११६०४ रहेको छ जस मध्ये १६८८२५ महिला र १४२७७९ पुरुष रहेका छन् । जसअनुसार २३४.०८ जना प्रति वर्गकिलोमिटर जनघनत्व रहेको छ । यस जिल्लाका प्रमुख जातिमा ब्राम्हण, क्षेत्री, थारु, गुरुङ्ग, मगर, कामी, दमै, ठकुरी, मुसलमान आदि यस जिल्लामा बसोबास गर्दछन् । यस जिल्लाको मुख्य अर्थतन्त्रको स्रोत कृषि हो र अन्य पेशा मध्य व्यापार व्यवसाय , र वैदेशिक रोजगारी हो । यस जिल्लाको मुख्य वाली धान , मकै, गहुँ, तोरी, मसुरो, उखु र केरा हुन्। यस जिल्लामा ८ वटा स्थानीय तह छन् जस्मध्य ४ वटा नगरपालिका (गैंडकोट, देवचुली, कावासोती र मध्यविन्दु) र ४ वटा गाउपालिका (विनयी त्रीवेणी, हुप्सीकोट, बुलिङ्गटार र बौंदीकाली ) रहेका छन् ।

## १.३ गैडाकोट नगरपालिकाको परिचय

गैंडाकोट नगरपालिका नेपालको मध्यभागमा अवस्थित साविक नवलपरासी जिल्ला बाट टुक्रिएर बनेको पूर्वी तर्फको खण्ड नवलपरासी (वर्दघाट सुस्तापूर्व ) वा नवलपूर जिल्लाको पूर्वी भागमा पर्दछ । नेपालको राजधानी शहर काठमाडौंबाट १५० कि.मी. दक्षिण पश्चिम, गण्डकी प्रदेशको राजधानी पोखराबाट १३० कि.मी. दक्षिणमा अवस्थित छ । यसको पूर्व र दक्षिणमा चितवन जिल्ला (भरतपूर नगरपालकिका) पश्चिममा देवचुली नगरपालिका र बुलिङ्गटार गाउँपालिका, उत्तरमा तनहुँ जिल्ला रहेको छ । यसको पूर्व र दक्षिणमा नारायणी नदि र चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमा कालिगण्डकी नदि र पश्चिम तर्फ झरही खोलाले सिमाना छुट्टाएकोले नदिवेश्ठित नगरपालिका भन्न सकिन्छ । यस नगरपालिकाको कार्यालय २७.७०४९ डिग्रि अक्षांश र ८४.३९१२ डिग्री देशान्तरमा अवश्थित रहेको छ । नेपाल सरकारबाट मिति २०७१।१।२५ मा घोषणा भई २०७१।२।७ मा कार्यानवयनमा आएको यस गैंडाकोट नगरपालिका साविक गैंडाकोट, मुकुन्दपुर, अमरापुरी र रतनपुर (२०७३ मा थप भएको) तत्कालिन ४ गा. वि.स. समावेस गरि १८ वटा वडामा विभाजन गरिएको छ । गैंडाकोट नगरपालिका चितवन राष्ट्रिय निकुञ्जको उत्तर तर्फ रहेको र यहाँ बस्ति बस्नु भन्दा अगाडी गैंडा रहने स्थान भएकाले यस नगरपालिकाको नामकरण गैंडाकोट रहेको अनुमान गर्न सकिन्छ । १५९.९३ बर्ग कि.मी. क्षेत्रफल ओगटेको यस नगरपालिकामा ३४०८१ जना महिला तथा ३०९९७ जना पुरुष गरि जम्मा ६५०७८ जनसंख्या रहेको छ (जनगणना २०६८)

## १.४ गैडाकोट नगरपालिका वडा नम्वर २ को परिचय

गैडाकोट नगरपालिका वडा नम्वर २ गैडाकोट नगरपालिकाको सानो र नारायणी नदी किनारमा अवस्थित वडा हो यस वडाको पूर्वतर्फ नारायणी नदी रहेको छ। जस्ले थुप्रै सम्भावना र चुनौतीहरु रहेको छन् । अर्को तर्फ महाभारतको फेदीमा रहेकोले पनि माथिल्लो तटिय क्षेत्रमा विकास र विनासको प्रत्यक्ष तथा अप्रत्यक्ष वा अनुकुल तथा प्रतिकुल प्रभावहरुले यस वडालाई अवसर र चुनौतीहरु दुवै दिएका छन् । यस वडा सम्पूर्ण रुपमा शहरी क्षेत्र र नगण्य मात्रामा खेती पाती गरेको पाइन्छ । यस वडाको कुल क्षेत्रफल

२ वर्ग कि.मी रहेको छ। अन्य वडाहरूको तुलनामा यस वडामा सबैभन्दा बढी घरधुरी संख्या २०२९ रहेको छ। त्यस्तै कुल जनसंख्या ८३८९ रहेको छ भने त्यस मध्य महिला ४१३४ र पुरूष ४२५५ रहेको छ।

## १.५ योजनाको उद्देश्य

वडा विपद् तथा जलवायु उत्थानशील कार्ययोजनाको समष्टिगत उद्देश्य भनेको यस वडामा देखिएका र सम्भावित विपद्का नकारात्मक असरहरू पहिचान गरी सरोकारवालाहरूसँगको समन्वयात्मक ढङ्गबाट प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै दिगो रूपमा न्यूनीकरण र व्यवस्थापन गर्नु हो । त्यस्तै यस कार्ययोजनाका निर्दिष्ट उद्देश्यहरू निम्नबमोजिम रहेका छन्:

- ❖ समुदाय लगायत सरोकारवालाहरूलाई विपद् र जलवायु परिवर्तनका असर साथै अनुकूलनबारे सचेत गराउने ।
- ❖ वडाको जोखिम नक्साङ्कन गरी सङ्कटासन्न वर्ग तथा घरधुरी पहिचान गरी जोखिम न्यूनीकरण तथा अनुकूलन क्रियाकलापहरू पहिचान तथा कार्यान्वयन गर्ने ।
- ❖ स्थानीय स्रोत—साधनको पहिचान गरी अधिकतम उपयोग तथा वातावरणमैत्री रूपले कार्ययोजना कार्यान्वयन गर्ने ।
- ❖ सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वयको सुनिश्चितता गरी यस कार्ययोजनाको प्रभावकारी तथा दिगो कार्यान्वयन गर्ने ।

## १.६ वडा विपद तथा जलवायु उत्थानशील योजनाका विशेषताहरु

वडा विपद् तथा जलवायु उत्थानशील कार्ययोजना तयार गर्दा सहभागितात्मक पद्धतिलाई विशेष जोड दिनुका साथै तथ्यमा आधारित रही विभिन्न विधि तथा औजारहरूको प्रयोग गरी समुदायकेन्द्रित योजना तयार गरिएको हो । यस योजनाका मुख्य विशेषतालाई तल बुदाँगत रूपमा प्रस्तुत गरिएको छः

- ❖ यो योजना तयार गर्दा उर्ध्वगामी, समावेशी, जनमुखी तथा लचिलोपनमा आधारित रही तय गरिएको छ ।
- ❖ यो योजना विशेषगरी सहभागितामूलक पद्धति, दिगो प्रभाव, सुशासनका विषय (जस्तैः सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाई आदि) लाई महत्वका साथ जोड दिई योजना तय गरिएको छ ।
- ❖ यसले राष्ट्रिय अनुकूलन योजनाले निर्दिष्ट गरेका प्राथमिकताका क्षेत्रहरू जस्तैः कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा उर्जा, वन तथा जैविक विविधता, जलवायुजन्य प्रकोप, मानव स्वास्थ्य र भौतिक पूर्वाधार तथा बसोबासलाई समेटेको छ ।
- ❖ यसमा स्थानीय स्रोत—साधन र महिला, जनजाति, दलित तथा अन्य पछाडि पारिएका समुदाय सहितको ज्ञान र सीपमा आधारित रही समूहको प्राथमिकीकरणका कार्यक्रममा जोड दिइएको छ भने उच्च जोखिममा परेका समूह, टोल, वर्ग तथा घरधुरीहरूलाई लक्षित गरिएको छ ।

❖ लक्षित वर्गमुखी, लैङ्गिक संवेदनशील, समावेशी, अनुकरणीय तथा स्थानीय क्षमता अभिवृद्धि गर्ने विषयमा जोड दिने तथा छिटो प्रतिफल देख्न सकिने विषयवस्तुलाई यसमा प्राथमिकता दिइएको छ ।

## १.७ योजना निर्माण प्रक्रिया विधिः

यो योजना तयार गर्दा सर्वप्रथम यस योजनासँग सरोकार राख्ने सम्पूर्ण सङ्घ—संस्था, समूह, व्यक्ति र लक्षित समुदाय तथा वर्ग जस्तैः दलित, जनजाति, महिला, विपन्न आदिको सक्रिय सहभागितामा योजनाका बारेमा स्पष्ट जानकारी गराउँदै सहभागितात्मक विधिले त्यस समुदायका प्रकोप तथा जोखिम पहिचान गरी आवश्यक अनुकूलन र प्रकोप न्यूनीकरणका क्रियाकलापहरू पहिचान गरेर यस वडा विपद् तथा जलवायु उत्थानशील कार्ययोजनामा समावेश गरिएको छ । यो योजना बनाउँदा सहभागितात्मक पद्धतिलाई प्राथमिकता दिई यस्तो योजना प्रस्तुत गर्दा सबैले बुझ्न र देख्नसक्ने गरी विभिन्न चार्ट तथा ब्राउन पेपर आदिको प्रयोग गरिएको थियो ।




**चित्र १** : योजना निर्माण प्रक्रिया वा विधि

## १.८ योजना कार्यान्वयन रणनिती

नेपाल सरकारको स्थानीय विपद् तथा जलवायु उत्थानशील निर्देशिका — वि.सं. २०७४ को खाका अनुसार यो कार्ययोजना निर्माण भएको हो । यो कार्ययोजना कुनै परियोजना अथवा कुनै सङ्घ—संस्थाको भनेर होइन कि यो कार्ययोजना समुदाय अथवा वडाको जोखिम न्यूनीकरण र व्यवस्थापन गर्ने हेतुले निर्माण गरिएको हो । त्यसैले स्थानीय समुदाय र सरोकारवालाहरूको यस कार्ययोजनामा रहेका क्रियाकलापहरू कार्यान्वयन गर्न साथै यस कार्ययोजनालाई दिगो रूप दिनमा मुख्य भूमिका रहन्छ । स्थानीय परिषद्बाट कार्ययोजनामा रहेका क्रियाकलापहरू अनुमोदन गराई कार्यान्वयन गर्न सकिन्छ भने अन्य सरकारी तथा गैरसरकारी निकायका उस्तै प्रकृतिका क्रियाकलापभित्र समावेश गराई यस कार्ययोजनाका क्रियाकलापलाई कार्यान्वयन गर्न पनि सकिन्छ । अन्य विकासका क्रियाकलाप लगायत विषयगत निकायमा मूलप्रवाहीकरण गरेर समेत यस कार्ययोजनालाई कार्यान्वयन गर्न सकिन्छ ।

## १.९ योजना अनुगमन मुल्याङ्कन तथा पूनरावलोकन

अनुगमन तथा मूल्याङ्कन विधिले जुनकुनै कार्यक्रमको कार्यान्वयन भइसकेपछि कार्यक्रमको लक्ष्य तथा प्रभावकारिता झल्काउँदछ । त्यसैले वडा विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको उद्देश्य अनुसारको लक्ष्य प्राप्त भएनभएको थाहा पाउन समुदाय तथा वडा, गाउँपालिका÷नगरपालिका र जिल्ला तहमा अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक छ । वडा विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको अवस्थालाई नियमित अनुगमन गर्नका लागि योजनाका लक्ष्य र उद्देश्य तथा समुदाय र सरोकारवालासँगको छलफलका आधारमा सूचकाङ्कहरू तय गरी सोको खाका समुदायबीच प्रस्तुत तथा निर्धारित गर्नु पर्दछ ।

तालिका १: योजनाको अनुगमन मुल्यङ्कन तथा पुनरावलोकन

| अनुगमनका तहहरु | किन ? | कसले ? | कहिले ? | कसरी ? |
|---|---|---|---|---|
| समुदाय तथा वडा (क्रियाकलाप तहमा) | -पारदर्शिता र अपनत्व कायम गर्न -अनुकूलन कार्यहरूको प्रभावकारी कार्यान्वयन गर्न | वडा वा समुदायस्तरीय अनुगमन तथा मूल्याङ्कन समिति अथवा वडा विपद् तथा जलवायु उत्थानशील समिति | कार्यक्रम सञ्चालन पूर्व, सञ्चालनको क्रममा र सम्पन्न भएको तीन महिनाभित्र | -सार्वजनिक सुनुवाइ, -सार्वजनिक लेखा परीक्षण, -स्व-अनुगमन तथा मूल्याङ्कन, -सार्वजनिक ठाउँमा सूचना टाँस गरेर |

| अनुगमनका तहहरु | किन ? | कसले ? | कहिले ? | कसरी ? |
|---|---|---|---|---|
| नगरपालिका तहमा (प्रक्रिया तथा प्रगति तहमा) | -कार्यक्रमको गुणस्तर कायम गर्न, -कार्ययोजना र प्रगतिको लेखाजोखा गर्न, अपनत्व कायम राख्न, कार्यक्रमको प्रभावकारिता वृद्धि गर्दै समयमा सम्पन्न गर्न | -स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, -योजना तर्जुमा तथा समन्वय उप—समिति, -अनुगमन तथा मूल्याङ्कन समिति | वार्षिक | -समीक्षा तथा योजना तर्जुमा बैठक, -गोष्ठी, वार्षिक प्रगति प्रतिवेदन |
| जिल्ला (नतिजाहरु र उपलब्धि तहमा) | कार्ययोजनाका उपलब्धि र नतीजाहरू सुनिश्चित गर्न, राम्रा अभ्यासहरूको अनुसरण, थप विस्तार र पृष्ठ पोषणका आधारमा समायोजन एवम् मूल प्रवाहीकरण गर्न | -जिल्लास्तरीय अनुगमन तथा मूल्याङ्कन समिति, -जिल्ला विपद व्यवस्थापन समिति, -जिल्ला समन्वय समिति, -सहयोगी संस्थाहरू | अर्धवार्षिक | अनुगमन, समीक्षात्मक गोष्ठी तथा बैठक |
| | | | वार्षिक | -सहभागितामूलक सङ्कटासन्नता विश्लेषण -प्रगति प्रतिवेदन प्रकाशन |

## १.१० योजना सिमितता

यस वडा विपद् तथा जलवायु उत्थानशील कार्ययोजनाको देहायबमोजिमका सीमितता रहेका छन्ः

- यस कार्ययोजना निर्माणमा प्रयोग हुने धेरैजसो औजार स्थानीय समुदाय र सरोकारवालाहरूको धारणा हुने गरेकोले यस क्षेत्रका सबै प्रकोप तथा घटना यहाँ नआएका हुन सक्दछन् ।
- समयको सिमितताले गर्दा यस वडाको जनसङ्ख्या तथा घरधुरीहरू "घरपरिवार सवेक्षण — विसं २०७८ अनुसार राखिएको छ ।
- यस कार्ययोजना निर्माणको क्रममा जलवायुको तथ्याङ्क सम्बन्धित नगरपालिकामा मौषमी अवयवहरुको तथ्याङ्कहरुको संकलन केन्द्र नरहेकोले नजिकको केन्द्रको तथ्याङ्कहरुको लिइएको छ ।
- यस कार्ययोजना निर्माणमा कतिपय तथ्याङ स्थानीय तथा नेपाल सरकारकोमा निरभर रहने भएको कारण केहि औजार जस्तै वडा सम्पन्नता स्तरिकरण यसमा समावेश छैन ।

# खण्ड २ः प्रकोप, सङ्कटासन्नता, क्षमता विश्लेषण र जोखिम विश्लेषण

## २.१ प्रकोपको पहिचान तथा स्तरीकरण

समुदाय तथा गाउँमा हुने विपद्जन्य घटना र जनधनको क्षतिका आधारमा समुदायसँगको छलफलबाट प्रकोपको सूची तयार गरी यस प्रकोप स्तरीकरण विधिको प्रयोग गरेर प्रकोपको स्तरीकरण गरिन्छ । हाम्रो समाजमा धेरै किसिमका प्रकोप र त्यसका असरहरू परेका हुन्छन् र ती प्रकोपहरू बीचको असर तुलना गरी सबैभन्दा बढी जीविकोपार्जनमा पारेका असरहरू पहिचान गरेर त्यसको स्तरीकरण गर्दा त्यस्ता किसिमका प्रकोपप्रति समुदाय र सरोकारवाला निकायको ध्यान आकर्षण हुन्छ ।

यस गैंडाकोट नगरपालिका वडा नम्वर २ का विभिन्न समुदायहरुमा गरीएको छलफल बाट पहिचान भएका प्रकोपहरुको निम्नानुसार स्तरीकरण गरीएको छ । जसमध्ये सबै भन्दा बढी असर गरेको नारायणीमा आउने बाढी रहेको छ । यस स्थान महाभारत पहाडको तल पर्ने भएकोले महाभारत क्षेत्रमा संकलीत भएको भेल यस वडा नम्वर २ मा संकलन हुने र पूर्व पश्चिम लोकमार्गले भल वग्न रोकिदिने भएकोले डुवानको अवस्था आउँछ जुन दोस्रो क्रममा पर्ने प्रकोप हुन आउँछ ।तेस्रो क्रममा वन्यजन्तुको आक्रमण रहेको छ । यस क्षेत्रमा वन्य जन्तुहरु खरायो, स्याल, सर्पले तरकारी, कुखुरा तथा घरमा बसिदिने गरेको भेटीएको छ। चौथो क्रममा सडक दुर्घटना रहेको छ । यस क्षेत्रमा सडक दुर्घटनाका घटनाहरु परिरहन्छन् । हावाकरीको घ६ना न्इन परिरहन्छन् । त्यस्तै आगलागिको घटना २०४८ सालमा एकपटक बिसौ दिन सम्म लागे पनि अर्कोपटक घटेको छैन । नोटः नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रूपमा प्राथमिकतामा राखी योजना तर्जुमा गर्नु पर्नेछ ।

तालिका २ः प्रकोप स्तरीकरण

| प्रकोप | बाढी | सडक दुर्घटना | वन्यजन्तुको आक्रमण | हावाहुरी | आगलागि | भलबाढी | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | ५ |
| सडक दुर्घटना | | | वन्यजन्तुको आक्रमण | सडक दुर्घटना | सडक दुर्घटना | भलबाढी | २ |
| बन्जन्तुको आक्रमण | | | | वन्यजन्तुको आक्रमण | वन्यजन्तुको आक्रमण | भलबाढी | ३ |
| हावाहुरी | | | | | हावाहुरी | भलबाढी | १ |
| आगलागि | | | | | | भलबाढी | ० |
| भलबाढी | | | | | | | ४ |
| प्रकोप स्तरीकरण | **प्रथम** | **चौथो** | **तेस्रो** | **पाँचौ** | **छैठो** | **द्वितीय** | |

## २.२ प्रकोप विश्लेषण

### २.२.१. प्रकोपको समय रेखा

ऐतिहासिक समय—रेखा विधिबाट यस गैंडाकोट नगरपालिका , वडा नं. २ को कम्तीमा पनि ३० वर्ष अगाडिबाट परिआएको विपद् तथा जलवायु परिवर्तन प्रकोपको बारेमा स्थानीय समुदायद्वारा उल्लेख गराई समूहलाई जानकारी गराउने प्रयास गरीएको छ। तर यस स्थानमा पछि आएर बस्ने नागरीकको संख्या बढी भएकोले पुराना घटना खोतल्न अलिक कठीनाई पर्दो रहेछ । यस विश्लेषण प्रक्रियाले विपद् तथा जलवायु प्रकोपका घटना घटेको साल, प्रकोपको कारण, असर, प्रभावित समूह र वर्ग तथा घरधुरी सम्बन्धी समूहबाट आएको जानकारीलाई तालिकामा उल्लेख गरिएको छ । यस विधिमार्फत् प्रकोपको बारम्बार हुने क्रम र असरको जानकारी लिई यस समुदायको सङ्कटासन्नता विश्लेषण गर्न सहयोग पुग्दछ ।




**चित्र २** : वडा नं २ मा पहिचान भएका प्रकोपहरू

तालिका ३ : ऐतिहासिक समयरेखा

| विपद | साल र महिना | स्थान | भौतिक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतिक क्षति | सामाजिक क्षति | सुचना पुष्ट्याइएको विधि |
|---|---|---|---|---|---|---|---|---|
| नारायणीको बाढी | २०७८ असार १ | नारायणी टोल | -१२ घर डुवाएको<br>-शौचालयको समस्या भएको | ६० घरको हाँस कुखुरा भाँडा बगाएको | | -१ हेक्टर वन क्षेत्रमा क्षतिपुगेको | खानेपानीको स्रोत डुबेको, | |
| भल बाढी | २०७८ असार १ | मौलाकालिका जाने बाटो धौलागिरि टोल, छहारी टोल, भृकटी टोल | -१ घर डुवाएको<br>- २०० घरधुरीको सौचालय काम नगर्ने भएको | १ हेक्टर क्षेत्रमा लगाइएको खेती वाली डुवाएको<br>-२०० घरधुरीले लगाएको तरकारी तथा अन्य खेती विनास भएको<br>-कुखुरा फारमको कुखुराहरुको नास | | -सर्पको विगविगि बढेको | | सहभागितामुलक छलफल |

| विपद | साल र महिना | स्थान | भौतिक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतिक क्षति | सामाजिक क्षति | सुचना पुष्ट्याइएको विधि |
|---|---|---|---|---|---|---|---|---|
| नारायणी बाढी | २०७७ | नारायणी टोल | | | | | गोपेश्वर शिवालय (नारायणी किनार) को पर्खाल भत्काएको | |
| भूकम्प | २०७२ बैशाख १२ | | १ घर चर्कीएको | | | | | |
| आगलागि | २०४८ चैत्र | भूकुटी कागज कारखाना र वरपरको क्षेत्र | भूकुटी टोलको ५-६ वटा घरु जलेको र कारखानामा भौतिक क्षति पुगेको | २२ दिन सम्म लागेको आगोले भूकुटि कारखानाको १०० वटा टौवा जलेको | | | | |
| वन्यजन्तुको आक्रमण (गैंडा) | २०७७ बेशाख | नारायणी टोल | | १ वटा गाईलाई गैंडाले हानेको | गैंडाले ४ जना मान्छे घाइते | | | |
| वन्यजन्तुको आक्रमण (अजिङ्गर) | २०७८ | नारायणी टोल | | १ वटा बाख्रालाई आक्रमण गरेको | | | | |

| विपद | साल र महिना | स्थान | भौतिक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतिक क्षति | सामाजिक क्षति | सुचना पुष्ट्याइएको विधि |
|---|---|---|---|---|---|---|---|---|
| वन्यजन्तुको अतिक्रमण | वर्षेनी | नारायणी टोल, धौलागिरि टोल | | लगाएको खेती खाने | | | | |
| हावाहुरी | २०७४ | SPM टोल | २ घरको छाना उडाएर बाटोमा पुर्याएको | | १ जनालाई घाईते वनाएको | | | |
| हावाहुरी | २०७७ | नारायणी टोल | | | | १ रुख ढलेको | | |
| सडक दुर्घटना | वर्षेनी | पुर्व पश्चिम लोकमार्ग | | | | | | |

माथिको तालिका अनुसार यस क्षेत्रमा आगलागिका कारण बाढी तथा भेलबाढिको कारण ले ठूलो क्षति व्यहोर्नु परेको रहेछ । अधिकांश स्थान समथर भुभाग भएकोले र नदि किनारको बसती भएकोले बाढीले बर्षेनी क्षति पुर्याएको छ । त्यस्तै सहरी क्षेत्र भएकोले सडक दुर्घटना भईरहने गर्दछ ।

### २.२.२ <u>प्रकोप पात्रो</u>

यस विधिले कस्तो प्रकोप कुन बेलामा बढी आउने गर्दछ भन्नेजस्ता कुरा समुदाय र सम्बन्धित निकायहरूलाई जानकारी गराई पूर्वतयारी अवस्थामा रहन सहयोग पुर्याउँदछ । तल उल्लेख भएका आधारमा बाढो आउने समय बढेको छ र त्यस्तै भेलबाढीको समय पनि बड्दै गएको छ । प्रमुख पमा शहरी क्षेत्र रहेकोले बाली तथा खेती असर गर्ने खालको प्रकोपहरु यस क्षेत्रमा नदेखिएको ।

तालिका ४ : प्रकोप पात्रो

| प्रकोप | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | ३० वर्ष पहिले | | | | * | * | | | | | | | |
| | अहिले | | | * | * | | | | | | | | |
| **भलबाढी** | ३० वर्ष पहिले | | * | * | * | | | | | | | | |
| | अहिले | | * | * | * | | | | | | | | |
| **बन्यजन्तुको आक्रमण** | ३० वर्ष पहिले | | | * | | | | | | | | | |
| | अहिले | | | | | | | * | | | | | |
| **आगलागि** | ३० वर्ष पहिले | | | | | | | | | | | | * |
| | अहिले | | | | | | | | | | | * | |
| **भुकम्प** | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | * | | | | | | | | | | | |

### २.२.३ <u>मौषमि पात्रो</u>

यस औजारले समुदायले महसुस गरेको मौसमसम्बन्धी परिवर्तनबारे जानकारी गराउँदछ । तलको तालिकामा पहिले र अहिले त्यस स्थानमा पाइने मौसम उल्लेख गरिएको छ । पहिले भनेको ३० वर्षलाई अनुमान गरिएको छ । यसरी समग्रमा यस तालिकालाई विश्लेषण गर्दा पहिलेको तुलनामा मनसुन वर्षा छोटिएको छ । पहिले—पहिले पानी पर्दा एकै किसिमको झरी पर्ने गर्थ्यो भने अहिले पानी एकैनासको नपर्ने देखिएको छ । गर्मी मौसमको कुरा गर्दा समुदायले पहिलेको तुलनामा गर्मी बढेको र गर्मी दिनहरू पनि बढेको पाएका छन् । हिउँदे वर्षा घट्दै गएको छ ।

तालिका ५: मौषमि पात्रो

| विवरण | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मनसुन वर्षा** | ३० वर्ष पहिले | | * | * | * | * | | | | | | | |
| | अहिले | | | * | * | * | | | | | | | |
| **हिउँदे वर्षा** | ३० वर्ष पहिले | | | | | | | | * | * | * | | |
| | अहिले | | | | | | | | | * | * | | |
| **गर्मी** | ३० वर्ष पहिले | * | | | | | | | | | | * | * |
| | अहिले | * | * | | | | | | | | | * | * |
| **जाडो** | ३० वर्ष पहिले | | | | | | | | * | * | * | | |
| | अहिले | | | | | | | | * | * | * | | |

### २.२.४ बाली तथा बनस्पति पात्रो

यस वडा प्रमुख रुपमा शहरी क्षेत्र र बसोबास गर्ने क्षेत्रमात्र भएकोले यहाँ थोरै मात्रमा आलु, मकै, गहुँ, धान लगाउने गर्दछन्। यहाँ तोरी र मुसुरो पनि केहिमात्रामा लगाउने गरेको पाइयो । आलु, मकै, तोरी, मुसुरोमा १५ दिनको समयले लगाउने र भित्रयाउने समयमा केही परिवर्तन भएको समुदाय बताउँदछन् । यसरी नै कृषिमा पनि बढी रसाएनिक मलको प्रयोग बढेको र कोरोनाका कारण बजारमा मल समयमा नपाएका कारण बाली लगाउन ढिला भएको समुदाय बताउँदछन् ।

तालिका ६: बाली तथा बनस्पति पात्रो

| विवरण | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आलु | ३० वर्ष पहिले | | | | | | * | * | * | * | | | |
| | अहिले | | | | | | | * * | * | * | | | |
| मकै | ३० वर्ष पहिले | * | * | * | | | | | | | | | * * |
| | अहिले | * * | * | * | | | | | | | | | |
| धान | ३० वर्ष पहिले | | | * | * | * | * | * | | | | | |
| | अहिले | | | * | * | * | * | * | | | | | |
| गहूँ | ३० वर्ष पहिले | | | | | | | | * * | * | * | * | |
| | अहिले | | | | | | | | * | * | * | * | |
| तोरी | ३० वर्ष पहिले | | | | | | * | * | * | * | | | |
| | अहिले | | | | | | | * | * | * | * | | |
| मुसुरो | ३० वर्ष पहिले | | | | | | * | * | * | * | * | * | |
| | अहिले | | | | | | | * | * | * | * | * | |

### २.२.५ तापक्रम र वर्षाको विश्लेषण

औषत अधिकतम तापक्रम :




**चित्र ३ :** औषत अधिकतम तापक्रम

औषत न्यूनतम तापक्रम :




**चित्र ४ :** औषत न्यूनतम तापक्रम

बार्षिक जम्मा वर्षा :




**चित्र ५ :** बार्षिक जम्मा वर्षा

**विश्लेषण :**

गैंडाकोट नगरपालिका वडा नम्वर २ को जलवायु तथ्याङ्क विश्लेषण गर्नका लागि नवलपूरमा रहेको जल तथा मौसम विज्ञान महाशाखाको सवस्टेशन (स्टेशन नं ७०६) मापन केन्द्रबाट विगत ३० वर्षको सन् १९९१ देखि २०२१ सम्मको उपलव्ध तथ्यङ्कलाइ विश्लेषण गरीएको छ । यस विश्लेषणले भविष्यमा आउने परिवर्तित जलवायुलाई ध्यानमा राखी न्यूनीकरण तथा अनुकूलन कार्ययोजना निर्माणमा मद्दत पुर्याउँदछ । यी माथिका तीनवटा रेखाचित्रलाई विश्लेषण गर्दा यस नवलपुर जिल्लामा देखिएको जलवायु परिवर्तन यस प्रकार छः वार्षिक औसत अधिकतम तापक्रम ०.०८ डिग्री सेल्सियसले बार्षिक रुपमा बृद्धि भैरहेको छ । बार्षिक औषत न्यूनतम तापक्रममा ०.०२ डिग्री सेल्सियसले बार्षिक रुपमा बृद्धि भैरहेको छ ।त्यस्तै जम्मा वर्षा बार्षिक रुपमा ७.४४ मिमि ले बार्षिक रुपमा बृद्धि अनि बर्षात्मा भएको अनियमितता ले ठूलो क्षति पुर्याउँदै आइरहेको छ ।

## २.२.६ <u>सामाजिक स्रोत तथा प्रकोप/ जोखिम नक्साङ्कन</u>

यस स्रोत तथा प्रकोप नक्साङ्कनमा समुदायसँग छलफल गरी पाँच जीविकोपार्जनका स्रोतहरू (प्राकृतिक, सामाजिक, आर्थिक भौतिक तथा मानवीय स्रोत) पहिचान गरी वडाको चित्र तयार गरिएको हो । यस वडाको चित्रमा पहिचान भएका जीविकोपार्जनका स्रोत तथा माथि उल्लिखित ऐतिहासिक समय—रेखाको प्रकोप यस नक्सामा उतारिएको छ जसले गर्दा यस समुदायको स्रोतमा भएका र हुनसक्ने क्षतिबारे पहिचान गर्न सहजता पनि हुन्छ ।




**चित्र ६ :** सामाजिक स्रोत तथा प्रकोप/ जोखिम नक्साङ्कन

## २.२.७ संस्थागत विश्लेषण तथा रोटी चित्र

यसमा विपद्को समयमा आवश्यक पर्ने सेवा, सुविधा र सुरक्षा उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय संस्थाहरू र अन्य मानवीय सेवा प्रदायक सङ्घ—संस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिएको छ । यो औजारले समुदायको सामाजिक सम्बन्ध र महत्वको मापन गर्छ । यस औजारको प्रयोगले वडा नं. २ का समुदाय र विपद् जोखिम व्यवस्थापनमा सहयोग पुर्याउने निकायबीचको सम्बन्ध कस्तो छ भन्ने पनि झल्काउँदछ । यस औजारबाट आएका निष्कर्षमार्फत् आउने दिनमा विपद्सँग जुझ्न के कस्ता संघ—संस्थासँग सम्बन्ध बलियो बनाउनु आवश्यक हुन्छ भन्ने जानकारी पनि प्राप्त हुन्छ ।




**चित्र ७ :** संस्थागत विश्लेक्षण तथा रोटी चित्र

निम्न तालिकाबाट यस वडा रहेका समुदायहरुले विभिन्न संघ संस्थाहरु सँग बाट प्राप्त भएको वा हुन सक्ने सहयोगहरु सुचिकृत गरीएको छ ।

तालिका ७: संघ संस्था सँगको समबन्ध विपदमा हुन सक्ने सहयोग

| **क्रसं** | **कार्यालय संघसंस्था** | **ठेगाना** | **भौगोलिक दुरी** | **विपद तथा जलवायु जन्य जोखिम व्यवस्थापन का लागि प्राप्त हुन सक्ने सहयोग** | | |
|---|---|---|---|---|---|---|
| | | | | **विपद पूर्व** | **विपदको समयमा** | **विपद पश्चात्** |
| क) | वडा २ तथा नगरपालिका भित्र | | | | | |
| १. | मौलाकालीका सामुदायिक वन उपभोक्ता समुह | वडा नम्वर १ | | -आफ्ना उपभोक्ताहरुलाई आगलागि तथा | -उद्दारको लागि सामाग्री | -राहत उपलव्ध गराउने |

| क्रसं | कार्यालय संघसंस्था | ठेगाना | भौगोलिक दुरी | विपद तथा जलवायु जन्य जोखिम व्यवस्थापन का लागि प्राप्त हुन सक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पूर्व | विपदको समयमा | विपद पश्चात् |
| २. | कान्छी सामुदायिक वन उपभोक्ता समूह | वडा नम्वर २ | | डढेलो सम्बन्धि जनचेतना जगाउने | उपलव्ध गराउने | |
| ३. | मझुवा सामुदायिक वन उपभोक्ता समूह | वडा नम्वर २ | | | | |
| ४. | विद्यालयहरु (महेन्द्र, अक्सफोर्ड, एसपिएन) | वडा नम्वर २ | | विद्यार्थीहरुलाई जनचेतना जगाउने | आश्रय लिन सकिने | प्रकोप सुरक्षासँग सम्बन्धित शिक्षा प्रदान र्ने |
| ५. | वचत तथा श्रण सहकारी ( गैंडाकोट स्वाभिमान, ) | वडा नम्वर २ | | बचत तथा विमा वारे जनचेतना | राहत सामाग्री | न्यून तथा विना व्याजदरमा ऋण उपलब्ध गराउने सक्ने |
| ६. | भिडीआसी | वडा नम्वर २ | | जनचेतना | उद्दार कार्य | राहत वितरण |
| ७. | इलाका प्रहरी कार्यालय | गैंडाकोट | | जनचेतना | उद्दार कार्य | पुनस्थापना |
| ८. | कारीतास नेपाल | गैंडाकोट | | जनचेतना | राहत | पुनस्थापना |
| ख) | वडा वाहिर | | | | | |
| १. | गैडाकोट नगरपालिका | गैडाकोट | २ किमि | -विपद्का सवालहरूबारे जनचेतनामूलक कार्यक्रम<br>- पूर्व सूचना तथा जानकारी<br>- विपद् क्षेत्र पहिचान तथा समुदायलाई जानकारी गराउने | -खोज तथा उद्धारका लागि प्रयोग हुने सामग्री सहयोग<br>-स्वास्थ्य तथा सरसफाइ (विशेष गरि विपन्न परिवारलाई टेवा पुर्याउने | -विपद्का कारण भत्किएका आधारभूत विकासका पूर्वाधारको पुनर्निर्माण गर्नमा सहयोग गर्ने ।<br>-राहतको खोजी तथा वितरण गर्ने |

| क्रसं | कार्यालय संघसंस्था | ठेगाना | भौगोलिक दुरी | विपद तथा जलवायु जन्य जोखिम व्यवस्थापन का लागि प्राप्त हुन सक्ने सहयोग | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद पूर्व | विपदको समयमा | विपद पश्चात् |
| | | | | | खालका सामग्री तथा आर्थिक सहयोग गर्ने) | |
| ग) | नगरपालिका वाहिर | | | | | |
| १. | डिभिजन वन कार्यालय | कावासोति | ४० किमि | जनचेतना | राहत | पुनस्थापना तथा पुन निर्माण |
| २. | कृषि र पशु ज्ञान केन्द्र | कावासोति | ४० किमि | जनचेतना | राहत | पुनस्थापना तथा पुन निर्माण |
| ३. | जिल्ला विपद व्यवस्थापन समिति | कावासोति | ४० किमि | जनचेतना | राहत | पुनस्थापना तथा पुन निर्माण |
| घ) | जिल्ला बाहिर | | | | | |
| १. | भरतपूर महानगरपालिका | भरतपूर | ३ किमि | | दमकल | राहत उपलब्ध |
| २. | भरतपूर अस्ताल | भरतपूर | ३ किमि | सरसफाइ सम्बन्धमा पानी शुद्धिकरण स्वास्थ्य शिक्षा पौष्टिक आहार समन्धि जानाकारि | उपचार घाइतेलाई सहयोग | स्वास्थ्य शिविर सञ्चालन प्रकोप तथा रोग सम्बन्धि तालीम |
| ३. | सैनिक क्याम्प | भरतपूर | ४ किमि | जनचेतना | उद्दार कार्य | पुनस्थापना राहत वितरण |

### २.२.८ जोखिम र समस्या विश्लेषण

यस गैडाकोट नगरपालिकाको वडा नं. २ मा हालसम्म देखिएका अथवा प्रकोप समय—रेखामा देखिएका प्रकोप र त्यसका असरलाई न्यूनीकरण गर्न तथा सोमा अनुकूल रहनका लागि ती प्रकोपका कारण, प्रभाव र समाधानका उपाय समुदायसँगको छलफल मार्फत् गर्नु आवश्यक छ । तल उल्लेख भएका समाधानका क्रियाकलाप समुदायमार्फत् भएको छलफलबाट आएका हुन् ।

तालिका ८ : जोखिम र समस्या विश्लेषण

| क्रसं | जोखिम तथा मुख्य समस्या | मूल कारण | अन्तर्निहित कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|
| १. | सडक दुर्घटना | अव्यवस्थित सडक निर्माण | -साँघुरो सडक<br>-खाल्डा खुल्डी भएर<br>-यातायातको साधन धेरै भएर | | स्तरीय सडक निर्माण<br>-क्षमता अनुसार यातायातका साधन चलाउनु पर्ने<br>-जेब्रा क्रसीङ्ग र ओभरहेड ब्रिज हुनु पर्ने |
| २. | भलबाढी तथा डुवान | भविष्यको समस्या आँकलन नगरि विकास गर्दा | -माथिल्लो तहमा आएको पानी नियन्त्रण गर्न वनाइएको नालीको निकास नहुँदा<br>-ब्यवस्थित बस्ती विकास नभएर | -लगाइएको खेती को विनास हुने<br>- भूईंतलामा भएको सामानको क्षति हुने<br>-घरेलु उद्योग पशुपंक्षीपालन व्यापार व्यवसायको नास | - नगर भित्र व्यवस्थित ढल निकास हुनु पर्ने<br>-बाघखोरबाट आउने भेल मालाकालिका फेदी देखि व्यवस्थित ढल निर्माण गरि ब्रिटिस क्याम्पमा लगि निकास दिने |
| ३. | नारायणीमा बाढी | नदी किनारको बस्ती | -कुनै पनि रोकथामको उपाय नअपनाउनु<br>-अनुकुलन तथा विपद रोकथामका उपाय नपनाउनु | -१२ घर भत्काएको<br>- सामुदायिक वन को १ हेक्टर बगाएको<br>- मन्दीरको पर्खाल भत्काएको<br>-खानेपानीको उपलव्धता नहुने<br>-शौचालयमा समस्या | -नारायणीमा बाँध तथा तटबन्ध निर्माण<br>-बृक्षारोपण<br>-बसाइसराई तथा स्थानान्तरण<br>-बाढी बग्ने ठाउँ छोडेर तल्लो तलामा केही खाली छोडेर संरचना बनाउने<br>-उद्दार कार्य व्यवस्थित बनाउने<br>-उचाइमा सार्बजनिक धारा र शौचालय निर्माण |

## २.३ वडाको संकटासन्नता तथा क्षमता विश्लेषण

विगत ३० वर्षको समय—रेखाबाट आएको सूचनाको आधारमा क्षति विश्लेषण गरी त्यसबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गर्नु पर्नेछ । समुदायसँगको छलफलबाट कुल अङ्क ३७ आएको छ जुन स्थानीय वडा तथा जलवायु उत्थानशील योजना — वि.सं. २०७४ को निर्देशिकाअनुसार मध्यम सङ्कटासन्नतामा पर्दछ (विस्तृत जानकारीको लागि अनुसूची — हेर्नुहोस्) ।

तालिका ९ : वडाको स्कटासन्नता स्तरीकरण

| मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेति योग्य भूमि र वन क्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपदका घटना क्रम | बालि लगाउने भित्र्याउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविष्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान सीप क्षमता र प्रविधि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ३ | २ | ३ | ३ | ० | ३ | ३ | २ | ३ | ३ | २ | २ | २ | ३७ |

### २.३.१ जनसंख्याको अवस्था

जनगणना २०६८ अनुसार यस वडामा २०२९ घरधुरी र ८३८९ जम्मा जनसंख्या रहेको छ । जस मध्ये ४२५५ पुरुष र ४१३४ महिला रहेका छन् ।

## २.४ वडाको क्षमता विश्लेषण

### २.४.१ स्रोतको उपलब्धता र पहुँच

स्रोतको उपलब्धता र पहुँचको अध्ययनको क्रममा सहभागितामूलक तरीका बाट तथ्यङ्क संकलन गरीउको थियो जसअनुसार यस वडामा उपलब्ध प्रकृतिक स्रोत आर्थिक स्रोत सामाजिक स्रोत र भौतिक स्रोत अनुसार यस वडाको अवस्था निम्नानुसार रहेको पाइएको छ ।

तालिका १० : स्रोतको उपलव्धता र पहुँच

| विवरण | नाम र रहेको स्थान | संख्या | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| क) भौतिक स्रोत | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| नारायणी पुल | गैंडाकोट र नारायणघाट जोड्ने | १ | ४२०मिटर लामो | राम्रो | |
| मौलाकाली नाला | वडा १, २ र ४ मा | १ | | पानी खेतवारीमा छिर्ने | |
| **ख) मानव संसाधन** | | | | | |
| पौडीवाज | नारायणी टोल | | कुनैपनि उद्दारको सामाग्री नभएको | उद्दारको तालिम प्राप्त नभएको | |
| गोताखोर | भरतपूर आर्मी क्याम्प र सशस्त्र प्रहरी वल | | सबै किसिमका उद्दारका सामाग्रिहरु भएको | तालिम प्राप्त | |
| **ग) आर्थिक श्रोत** | | | | | |
| बचत समुह | गैडाकोट स्वाभिमान बचत समुह | १ | १ करोड सम्मको लगानी गर्न सक्ने | सक्रिय | |
| | सुम्निमा बचत समुह | १ | | सक्रिय | |
| **घ) सामाजिक स्रोत** | | | | | |
| विद्यालय | पञ्चकन्या आधारभूत विद्यालय | १ | १० कठ्ठा क्षेत्रफल | राम्रो | |
| | महेन्द्र स्मारक विद्यालय | | १० कोठा | भूकम्पले विद्यालयको भवन आंशिक क्षति गरेको | |
| | कन्टीनेन्टल कलेज | | २० कोठा | राम्रो | |
| | एसपिएम कलेज | | १ विघा | राम्रो | |
| | अक्सफोर्ड कलेज | | १२ कठ्ठा | राम्रो | |
| सुरक्षा संघसंस्था | नेपाल प्रहरी (इलाका प्रहरी कार्यालय) | | ४० जनाको टुगडी | राम्रो सम्वन्ध रहेको | |
| उद्योग | भृकुटी कागज कारखाना | | ५२ विगाहा | पुरानो र खाली | |

| | | | | | |
|---|---|---|---|---|---|
| गैह्रसरकारी संस्था | कारीतास नेपाल | १ | ३ रोपनी ४ भवन | राम्रो तर बाढी यस स्थान सम्म पुगीरहने | |
| | सुम्निमा विकास मञ्च | १ | ४ कोठा | राम्रो | |
| | एसडीआरसी | १ | ४ कोठा १ कठ्ठा | राम्रो | |
| | भिडीआरसी | १ | | राम्रो | |
| | रेडक्रस | | १ भवन | राम्रो | |
| समुदाय स्तरीय सामाजिक विकास तथा धार्मिक संस्था | नमूना वालविकास | | | | |
| | बालविकास | | १ विगाहा | | |
| | गैंडाकोट विद्यालय | | १ विगाहा | पुरानो | |
| | सुर्यविनायक | | २३ कठ्ठा | | |
| | हरेराम हरेकृष्ण मन्दिर | | ३ कठ्ठा | सानो | |
| | फेदुम चर्च | | १ भवन १ रोपनी जमिन | राम्रो | |
| | गोपेश्वर मन्दिर | | २ वटा | एक नदी किनारमा नै रहेको | |
| | मनकामना आमासमुह | | ३ आना ३ तले | सानो | |
| | नारायणी टोल विकास समिति | | १०० जना सदस्य | संगठीत | |

उपरोक्त तालिका अनुसार गैंडाकोट नगरपालिका वडा नम्वर २ मा आबस्यक परेको खण्डमा आश्रय लिनको लागि सामाजिक भवन जस्तै विद्यालय मन्दिर चर्च संघ संस्थाको कार्यालयहरुमा आश्रय लिन सकिने रहेछ तर सामाजिक भवन तथा सार्वजनिक धारा वा सार्वजनिक शौचालयको उपलव्धता नभएको पाइयो । साथै यस स्थानवाट नजिकै आर्मीको क्याम्प रहेकोले उद्दार कार्यको लागि सुरक्षा सामाग्रीहरु सहित सुरक्षा टोली आइ पुग्ने तर यस स्थानमा रहेका मानिसहरुपनि नारायणिमा पौडी खेल्न सिपालु भएकोले यस स्थानका मानिसहरुलाई पनि तालिम प्रदान गर्न सके र ब्यक्तिगत सुरक्षा सामाग्री अनि डुङ्गा उपलव्ध गराउन सके तत्कालै उद्दार कार्य गर्न सकिने देखिन्छ।

### २.४.२ स्थानिय ज्ञान सीप क्षमता र प्रविधिको लेखाङ्कन

